आज मिति २०८१ श्रावण २६ गते [stamp] बेसीशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको कार्यपालिकाको ४५ (पैंतालिसौं) औं बैठकको उपस्थिति र निर्णय निम्नानुसार छ।

## उपस्थिति

| | | |
|---|---|---|
| नगर प्रमुख | | श्री गुमानसिंह अर्याल |
| नगर उप-प्रमुख | | श्री पदमा गुरुङ |
| प्रमुख प्रशासकीय अधिकृत | | श्री चेतनाथ अर्याल |
| कार्यपालिका सदस्य | वडा नं. १ | श्री दुर्गा बहादुर वुढाथोकी |
| ,, ,, | ,, २ | श्री मदन बहादुर राना |
| ,, ,, | ,, ३ | श्री चित्र बहादुर दनाई |
| ,, ,, | ,, ४ | श्री राम बहादुर गुरुङ |
| ,, ,, | ,, ५ | श्री रुद्र बहादुर गुरुङ |
| ,, ,, | ,, ६ | श्री प्रकाश थापा |
| ,, ,, | ,, ७ | श्री ऋषिराम बस्नेत |
| ,, ,, | ,, ८ | श्री पवित्रा थापा राना |
| ,, ,, | ,, ९ | श्री खुसिजंग गुरुङ |
| ,, ,, | ,, १० | श्री गंगा बहादुर थापा |
| ,, ,, | ,, ११ | श्री शिव प्रसाद जोशी |
| ,, ,, | | श्री हिरालाल विश्वकर्मा |
| ,, ,, | | श्री श्रीनाथ दुलाल |
| ,, ,, | | श्री कल्पना थापा बोहरा |
| ,, ,, | | श्री विमला न्यौपाने अधिकारी |
| ,, ,, | | श्री सुकमाया गुरुङ |
| ,, ,, | | श्री सुकमाया घर्ती |
| ,, ,, | | श्री मनिता परियार |

### सहजकर्ता कर्मचारीको उपस्थिति

| | |
|---|---|
| अधिकृत | श्री शम्भु प्रसाद घिमिरे |
| कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०४/२७ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**

**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

**नगर कार्यपालिकाको मिति २०८१/०४/२७ गतेको बैठकका प्रस्तावहरु**

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा।
२. मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।
३. फोहरमैला व्यवस्थापन सेवा प्रदायकको सम्बन्धमा ।
४. परिपत्रहरुको जानकारी सम्बन्धमा ।
५. नदिजन्य पदार्थको ठेक्का सम्झौता सम्बन्धमा ।
६. विविध
   - पहिरोको रोकथाम र नियन्त्रण सम्बन्धमा ।
     - बाँझाखेतको कृषि सडक मुनिको पहिरो
     - कपुरेश्वर पार्कको पहिरो ।
     - बेनपा ६ सेराको पहिरो ।
     - पुमा भिरको पहिरो ।
     - चण्डीको पहिरो ।

**बैठकबाट पारित निर्णयहरु**

**निर्णय नं.१: अघिल्लो बैठकका निर्णयहरुको समिक्षा सम्वन्धमा ।**

मिति २०८१/०४/१४ को नगर कार्यपालिका बैठकले गरेका निर्णहरुको कार्यान्वयन अवस्थाका विषयमा यस बैठकमा समिक्षा गरियो ।

**निर्णय नं.२: मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमको सम्बन्धमा ।**

गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय शासकीय सुधार तथा समन्वय महाशाखा पोखराबाट मिति २०८१/०४/१३ मा प्रकाशित मुख्यमन्त्री नवप्रवर्तन साझेदारी कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना अनुसार यस बेसीशहर नगरपालिकाबाट स्मार्ट शैक्षिक व्यवस्थापन र डिजिटल सेवा प्रवाह शिर्षकमा तयार गरिएको परियोजना प्रस्ताव स्वीकृत गरी आजै मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय पोखरामा पेश गर्ने साथै परियोजना कार्यान्वयनको सन्दर्भमा लाग्ने कुल लागत रु. १ करोड ४५ लाख मध्ये २५ प्रतिशतले हुन आउने रु. ३६ लाख २५ हजार यस बेसीशहर नगरपालिकाको गरी चालु आ.व. २०८१/८२ को बजेटबाट व्यहोर्ने गरी लागत साझेदारी गर्ने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०४/२७ गतेको बैठक

**निर्णय नं.३: फोहरमैला व्यवस्थापन सेवा प्रदायकको सम्बन्धमा ।**

बेसीशहर बजार क्षेत्रको फोहरमैला संकलन र व्यवस्थापनको लागि छनौट गरिएको सेवा प्रदायक संस्थाको सम्झौता अवधीको म्याद २०८१ असार मसान्तमा समाप्त भएको हुँदा सो संस्थाको म्याद २०८१ असोज मसान्तसम्म थप गरी इच्छुक सेवा प्रदायक संस्थाहरुबाट आवेदन/प्रस्ताव माग गर्नको लागि १५ दिनको म्याद राखी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४: परिपत्रहरुको जानकारी सम्बन्धमा ।**

विभिन्न विषयहरुमा देहायका निकायहरुबाट प्राप्त भएका पत्रहरुको बारेमा यस कार्यपालिका बैठकमा जानकारी भयो साथै यसका सम्बन्धमा नगरपालिका र वडा कार्यालयहरुबाट आवश्यक सहयोग, समन्वय र सहजीकरण हुने निर्णय गरियो ।

**देहाय:**

| क्र.सं | पत्र पठाउने निकायको नाम | मुख्य विषय | नगरपालिकाको भूमिका |
|---|---|---|---|
| १. | पर्यटन तथा उद्योग कार्यालय लमजुङ | चालु आ.व.को कार्यक्रमको ठेगाना रुजु बारे । | आयोजना तथा कार्यक्रमको नाम ठेगानामा त्रुटी भए सच्याई पठाउने । |
| २. | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | संघीय शिक्षा ऐन र नियमावलीसंग तादाम्य नभएका स्थानीय शिक्षा सम्बन्धी कानून संशोधन गर्ने बारे । | अध्ययन गरी आवश्यक परे संशोधन गर्ने । |
| ३. | शहरी विकास तथा भवन निर्माण विभाग, पोखरा | स्वीकृत कार्यक्रम सम्बन्धी जानकारी तथा कार्यक्रम कार्यान्वयनमा सहजीकरण | नगरपालिकाबाट आवश्यक सहयोग र सहजीकरण गर्ने । |
| ४ | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय,पोखरा | कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा सहजीकरण गरिदिने बारे । | नगरपालिकाबाट आवश्यक सहयोग र सहजीकरण गर्ने । |
| ५. | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | सौर्य सिंचाई प्रणाली जडानको लागि आवेदन आह्वान सम्बन्धी सूचना | सम्भाव्य स्थान भए वडाहरुले नगरपालिकामा पठाउने । |
| ६. | महालेखा नियन्त्रक कार्यालय, काठ्माण्डौ | अन्तर सरकारी वित्तिय हस्तान्तरण कार्यान्वयन सम्बन्धी मार्गदर्शन बारे । | जानकारी हुनुको साथै मार्गदर्शन पालना गर्ने । |
| ७. | मालपोत कार्यालय लमजुङ | कित्ता काट सम्बन्धमा | जग्गा बर्गिकरण कार्य गर्ने । |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८१/०४/२७ गतेको बैठक

| क्र.सं | पत्र पठाउने निकायको नाम | मुख्य विषय | नगरपालिकाको भूमिका |
|---|---|---|---|
| ८. | नेपाल सरकार गृह मन्त्रालय | सिमलताल घटना अध्ययन प्रतिवेदन कार्यान्वयन सम्बन्धमा । | सुझावहरु कार्यान्वयन गर्ने । |
| ९. | पूर्वाधार विकास कार्यालय लमजुङ | आव २०८१/८२ मा कार्यान्वयन हुने आयोजनाहरुको जानकारी बारे । | नगरपालिकाबाट आवश्यक सहयोग र सहजीकरण गर्ने । |

**निर्णय नं.५: नदिजन्य पदार्थको ठेक्का सम्झौता सम्बन्धमा ।**

आ.व.२०८१/८२ को लागि नदिजन्य पदार्थको विक्री वितरण सम्बन्धमा पहिलो सूचना (३० दिने) मध्ये परेका २ वटा निम्न आय ठेक्का बोलपत्र मूल्याङ्कन समितिबाट मूल्याङ्कन भै सिफारिश भएका स्वीकृत वोलपत्रदातासंग ठेक्का सम्झौता प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय गरियो ।

निम्नः

१.सूचना नं /वोलपत्र नं Besishaharmun/Revenue/NCB/081/82/03 को गैरी क्याम्पस मुनि खण्ड

२.सूचना नं /वोलपत्र नं Besishaharmun/Revenue/NCB/081/82/06 रिठ्ठबगर घाट

**निर्णय नं.६: पहिरोको रोकथाम र नियन्त्रण सम्बन्धमा ।**

चालु बर्षको मनसूनको समयमा भएको बर्षात् बाट देहायका पहिरोहरुबाट विभिन्न संरचनाहरुमा क्षति पुग्न गएको हुँदा आवश्यक तारजाली उपलब्धग गराउने तथा पहिरो रोकथामको लागि निर्माण कार्यमा आवश्यक सहयोग हुन भू तथा जलाधार व्यवस्थापन कार्यालय तनहुँ, दमौलीलाई अनुरोध गर्ने निर्णय गरियो ।

देहायः

१. बाँझाखेतको कृषि सडक मुनिको पहिरो नियन्त्रण, बेसीशहर नगरपालिका १०
२. कपुरेश्वर पार्कको पहिरो नियन्त्रण, बेसीशहर नगरपालिका ८
३. सेराको पहिरो नियन्त्रण, बेसीशहर नगरपालिका ६
४. चण्डीको पहिरो नियन्त्रण बेसीशहर नगरपालिका ३
५. पुमा भिरको पहिरो नियन्त्रण, बेसीशहर नगरपालिका ९ र ६ को सिमाना

गुमान सिंह अर्याल
नगर प्रमुख